Berghof Foundation

# १९९१ बहिष्करणदेखि समावेशी उन्मुख वा उपलब्धिविहीन प्रयास

## कोलम्बियाली राष्ट्रिय संविधानसभा

**डेभिड ज्याम्फ र डायना चभार्रो**

आईपिएस कार्यपत्र नं. 1

**सारांश**

सन् १९९० को शुरुताका कोलम्बीयामा प्रथमपटक राष्ट्रिय संविधानसभाको चुनाव भएको थियो । नयाँ संविधान १९९१ मा समावेशीता विषय माध्यम रही दशक लामो शसस्त्र द्वन्द्व र राजनीतिक अस्थिरता अन्त्य गर्नमा प्रमुख रुपमा रहेको थियो । यद्यपि, संविधानसभाले उदेश्य अनुरुपको उपलब्धि हासिल नगरेको कारणले असफल भएको थियो, र अभैmपनि न्याय संगत नै हुन्छ कि समावेशीताले आधारभूत लक्ष्य प्राप्त गर्नमा निर्णय तहमा कतिको पहुँच र प्रभाव पुगेको छ । कोलम्बीयाका यस विषेश प्रकारको इतिहासलाइ बुझ्नका लागि यस अध्ययनमा नयाँ संविधान जारी भएका वखतका चारवटा तहमा विश्लेषण गरिएको छ; तयारी अवस्था, सम्झौता अवस्था, संहिताकरण अवस्था र नयाँ संविधान १९९१ को कार्यावन्यनको अवस्था । यो अध्ययन पत्र आन्तरिक द्वन्द्वत्तोतर अवस्थामा सशस्त्र द्वन्द्व नदोहरिनका लागि मार्पmत राजनीतिक व्यवस्थापन र राज्य निर्माणमा समावेशीता नीति भन्ने अनुसन्धान अन्तगत हो र साथै कोलम्बीयाका चार वटा अनुसन्धान मध्धे एक हो ।

© Berghof Foundation Operations GmbH – CINEP/PPP 2015. All rights reserved.

## प्रकाशनका सम्बन्धमा

यो अनुसन्धान पत्र ‘Avoiding Conflict Relapse through Inclusive Political Settlements and State-building after Intra-State War’ नामक परियोजना मार्फत तयार गरिएको छ जसले द्वन्द्वोत्तर राजनीतिक व्यवस्थापन, सहभागितात्मक प्रकृया र समावेशी प्रभावका बारेमा विश्लेषणात्मक अनुसन्धान गरि आएको छ । सन् २०१३ को फेब्रुअरीबाट शुरु भइ सन् २०१५ सम्मको यो दुई वर्षे परियोजना अवधिमा लामो समसम्म चलेको सशस्त्र द्वन्द्वको अवस्था पहिचानका साथै द्वन्द्वमा सहभागी सरोकारवालाहरु राज्य सञ्चालनको तहसम्म पुग्दाका आरोह तथा अवरोहहरुको विश्लेषण गरि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका अनुसन्धाता, तथा नीति निर्माताहरुलाई द्वन्द्वोत्तर समयमा राष्ट्र निर्माण तथा सुशासनका क्षेत्रमा बढी भन्दा बढी सहभागिता, प्रतिनिधित्व तथा उत्तरदायित्व बृद्धि गर्दे प्रभावकारी कार्यान्वयनका अभ्यासहरुसम्बन्धी जानकारी प्रदान गर्नु पनि परियोजनाको उद्देश्य रहेको छ । कोलम्बियाको संस्था सिनेप⁄पीपीपी (CINEP/PPP) परियोजना संयोजक रही जर्मनीमा रहेको संस्था वर्गअफ फाउन्डेशन (Berghof Foundation) को समग्र संयोजनमा सञ्चालित यो परियोजना पाँच विभिन्न देशहरुमा सञ्चालन गरियो । यी देशहरुमा एलसाल्भाडोरमा रहेको संस्था फ्लास्को (FLACSO), दक्षिण अफ्रिकामा इन ट्रान्सफरमेशन इनिसिएटिभ (In Transformation Initiative), सुडानमा सुद् इन्सिटच्युट (Sudd Institute), आचे⁄इन्डोनेशियामा आचे पोलिसी इन्सिटच्युट (Aceh Policy Institute) तथा नेपालमा शान्तिका लागि सहकार्य (Friends for Peace) नामक संस्थाहरुबाट अनुसन्धान कार्यहरु भए । अनुसन्धानपत्रमा व्यक्त गरिएका विचार तथा भावनाहरुले सिनेप⁄पीपीपी (CINEP/PPP), वर्गअफ फाउन्डेशन (Berghof Foundation) तथा परियोजना लागु भएका देशस्थित रहेका साझेदारहरुको विचार तथा भावनालाई प्रतिविम्वित गर्दैनन्। परियोजनाबाट भएका, गरिएका अन्य प्रकाशनहरुका सम्बन्धमा वर्गअर्फ फाउण्डेशनको वेवसाइट हेर्न सक्नुहुनेछ । (www.berghof-foundation.com)। थप जानकारीका लागि परियोजना संयोजक डाभेरोनिक डुडोट .Dr. Véronique Dudouet) सँग v.dudouet@berghof-foundation.org मा सम्पर्क राख्न सक्नुहुनेछ ।

## लेखकका सम्बन्धमा

**डेभिड न्याम्फ** कोलम्वियाको वोगोटा स्थित सेन्टर फर रिर्सच एण्ड पपुलर एजुकेशन (CINEP) मा अनुसन्धानकर्मी छन् । यस परियोजनामा संयोजकको भूमिका निर्वाह गरेका डेविडले राजनीति शास्त्र, सामाजिक मानवशास्त्र, सार्वजनिक कानुनमा विशेषज्ञता सहित जोहानस गुटेन्वर्ग युनिभर्सिटी अफ जर्मनीबाट स्नातकेत्तर गरेका छन् ।

**डायना चभार्रो** कोलम्वियाको वोगोटा स्थित सेन्टर फर रिर्सच एण्ड पपुलर एजुकेशन (CINEP) मा अनुसन्धानकर्मी छन् । यस भन्दा पहिला उनी यसै संस्थामा परियोजना संयोजक तथा अनुसन्धानकर्ता भई काम गरिन् । उनको अनुसन्धान रुची दक्षिण एशियाको भूभागीय योजना तथा विकेन्द्रिकरण संग सम्बन्धित छ । त्यसैगरी विकास र शान्तिप्रकृयामा नागरिक समाजको भूमिका लगायत राजनीतिक आन्दोलनहरु पनि उनका रुचीका विषय हुन् । मेक्सिको विश्वविद्यालयबाट अमेरिकन स्टडीजमा एमए गरेकी डियाना गुरिल्ला युद्ध सम्बन्धी अनुसन्धानहरुमा पनि विशेष रुची राख्छिन् ।

यो परियोजना क्यानडा स्थित ओटोवामा रहेको संस्था इन्टरनेशनल डेभेलफेन्ट रिसर्च सेन्टर -International Development Research Center - IDRC) को आर्थिक सहयोगमा सम्भव भएको हो ।

IDRC | CRDI    Canada

International Development Research Centre
Centre de recherches pour le développement international

यस अनुसन्धानपत्रबाट साभार गुर्न परेमा यो शैली प्रयोग गर्न सकिनेछ । न्याम्फ डेभिड र डियाना चभार्रो, २०१५, कोलम्बियाली राष्ट्रिय संविधानसभा, १९९१ बहिष्करणदेखि समावेशी उन्मुख वा उपलब्धिविहीन प्रयास, इनक्लुसिभ पेपर १ । वर्लिनः वर्गअफ फाउन्डेशन, इन्टरनेटः www.ips-project.org.

विषयसुची


.1 परिचय....4

.2 राष्ट्रिय संविधानसभा १९९१ सम्मको लामो यात्रा....5

2.1 सन् १९८० को दशकको अन्त्य र १९९० को दशकको सुरुआतमा गरिएका शान्ति वार्ताहरू....6

2.2 राष्ट्रिय संविधानसभाको तयारी....7

.3 राष्ट्रिय संविधानसभाको गठन....10

.4 संहिताकरण )कोडिफीकेसन( ....11

.5 सन् १९९१ को संविधानको कार्यान्वयन....12

.6 निष्कर्ष....14

सन्दर्भ सामग्री....16

अन्तवार्ता....19

# 1. परिचय

"तपाईंले वहन गर्नुपर्ने उत्तरदायित्व कोलम्बियाको भविष्य हो । यो हाम्रा सन्तति साथै हाम्रा नागरिकहरूका लागि हो । शताब्दीभरिकै समृद्धिको लागि उनीहरूले कृतज्ञताका साथ संविधानसभालाई मनन गर्नेछन् । यही संविधानसाभाबाट निर्मित संविधानले सबै कोलम्बियाली जनताहरूको सहभागिताको मार्ग सुनिश्चित गर्न, शान्ति कायम गर्न, न्याय स्थापना गर्न र लोकतन्त्रलाई सुदृढ गर्न मार्ग प्रशस्त गरेको छ" (गाभिरिया,१९९१) राष्ट्रपति सिजर गाभिरिया (Cesar Gaviria) ले सन् १९९१ म राष्ट्रिय संविधानसभाको उद्घाटन समारोहको दिन नै संविधानसभाको कार्यहरू प्रष्टसँग परिभाषित गरे । समावेशी राजनीतिक व्यवस्थाको स्थापनामार्फत नयाँ संविधानले कोलम्बियामा जारी सशस्त्र द्वन्द्व अन्त्य गर्ने विश्वास गरिएको थियो ।

नयाँ संविधान पारित भएको २० वर्षपछि सन् १९९० को दशकमा गरिएको आशाहरूमा पूरै तुषारापात भएका छन् । कोलम्बिया अझै पनि निरन्तर गुरिल्ला युद्धबाटै गुज्रिरहेको छ । निरन्तरको यो युद्धका पछाडिको कारण राजनीतिक बहिष्करण र अन्यायलाई मानिएको छ । अहिले पनि कोलम्बियाली सरकार र कोलम्बियाको रिभोल्युसनरी आर्मड फोर्स (FARC) बीच हुने शान्तिवार्ताको मुख्य मुद्दा नै राजनीतिक सहभागिता रहेको छ । हावनामा जारी वार्ताको क्रममा प्रकाशित भएको दोस्रो बुँदासँग सम्बन्धित पूर्वसहमतिको अधिकांश बुँदाहरू सन् १९९० मा भएको शान्तिवार्ताको समयमा संविधानसभाले उच्च प्राथमिकताका साथ उठाइएका मुद्दाहरू जस्तै "नागरिकहरूको लोकतान्त्रिक सहभागिता" र "बहुलवाद र राजनीतिक समावेशीकरण" (Comunicado Conjunto २०१३) सँग प्रत्यक्ष सम्बन्धित छन् । यही सन्दर्भमा कसैलाई राष्ट्रिय संविधानसभा पर्याप्त बहस र छलफल नै नभइ असफल भयो भन्ने लाग्छ । के यस्तो कठोर मुल्याङ्कन पुष्टि हुन सक्छ ?

राष्ट्रिय संविधानसभाको बारेमा प्रकाशित सामग्रीहरू, प्राथमिक स्रोतहरू जस्तै अन्तरवार्ता, शान्ति सम्झौताका दस्तावेजहरू, सरकारी संवाद र सञ्चारका साथै संविधानसभामा गरिएका भाषणहरू र बैठकका निर्णयहरूको आधारमा यो लेखले माथिको प्रश्नको उत्तर खोज्ने जमर्को गर्नेछ । राष्ट्रिय संविधानसभाले हासिल गरेको उपलब्धिहरू जान्नको लागि सन् १९९० को दशकको ऐतिहासिक घटनाक्रमलाई बुझ्नैपर्ने हुन्छ । नयाँ संविधानले शान्ति कायम गर्न सक्यो कि सकेन ? भन्ने दृष्टिकोणबाट सभाको सफलता र असफलतालाई मापन गर्न सकिँदैन । यो विषय नयाँ संविधानले वास्तविक लोकतन्त्र र समावेशी कोलम्बियाली राजनीति स्थापित गर्न सक्यो कि सकेन ? भन्ने तथ्यलगायत अन्य तथ्यहरूमाथि समेत निर्भर रहन्छ । सुशासन र निर्णय निर्माण गर्ने समाजका विभिन्न निकायहरूमाथिको पहुँचको आधारमा समावेशीकरणलाई परिभाषित गरिएको छ । उनीहरूका सरोकारहरू सम्बोधन गर्नका लागि निर्णय निर्माण प्रक्रियालाई प्रत्यक्ष र परोक्ष प्रभाव पार्ने समाजका सम्भावित सबै क्षेत्रहरूलाई समेट्न समावेशीताका मुख्य दुई वटा आयमहरूको पहिचान गरिएका छन् । इन्पुट र आउटपुट समावेशीता । अघिल्लोले सरकारको नीति तथा सिद्धान्त समावेश गर्दछ । यो सीमान्तकृत समुदायहरूको सम्भावित र वास्तविक दुवै प्रकारका सहभागिताहरूसँग सम्बन्धित छ । दोस्रोले सरकारको नीति तथा सिद्धान्तको कार्यन्वयनको पाटोलाई समेट्छ । यसले समाजका विभिन्न क्षेत्रहरूप्रति राज्यको उत्तरदायित्व र यसको मात्रालाई औंल्याएको छ । नयाँ राजनीतिक व्यवस्थामार्फत सृजित तथा कार्यान्वयनमा आएका सहभागिताको औपचारिक तथा अनौपचारिक संयन्त्रहरूको विश्लेषणको आधारमा यो लेखले इनपुट डाइमेन्सन् माथि बहस गर्छ ।

सन् १९९१ को संविधान जस्तै संविधान निर्माण अघि भएको वार्ताको क्रममा भएका लेनदेन प्रक्रियाहरू महत्वपूर्ण हुन्छन् भन्ने ठानेर यो लेखमा कोलम्बियाली राजनीतिक व्यवस्थामा भएको समावेशीताको तहलाई मापन गर्न संविधानसभाले गरेको तयारी वार्ता, अभिलेखीकरण र कार्यान्वयनमाथि पुनरावलोकन गरिएको छ । लेखको पहिलो भागले संविधानसभाको गठन

© Berghof Foundation Operations GmbH – CINEP/PPP 2015. All rights reserved.

प्रक्रियासँग सम्बन्धित प्रश्नको उत्तर खोज्छः समाजको कुन वर्गले संविधानसाभाको माग गऱ्यो ? कसले विरोध गऱ्यो र तयारीका चरणहरू कत्तिको समावेशी थिए ? दोस्रो भागले संविधानसभाअन्तर्गत रहेर नयाँ राजनीतिक व्यवस्थाको लागि भएका वार्ताहरूको विश्लेषण गर्छः वार्ता प्रक्रियाको समावेशीताका साथै समावेशीताको मुद्दाको लागि प्रतिनिधिहरूले लिएको विभिन्न अडानहरू । तेस्रो भागमा नयाँ संविधानसभाले समावेश गरेको विषय र यसले समावेशीताको सेरोफेरोमा रहेका मुद्दाहरूलाई कुन हदसम्म सम्बोधन गऱ्यो भनी छलफल गरिएको छ । अन्तिम भागले सन् १९९८ सम्म नयाँ संविधानको प्रभावकारिताको विश्लेषण गर्दै कार्यान्वयनको प्रक्रियामाथि बहस गरिएको छ । यसले नयाँ संविधानले राजनीतिमा सामाजिक सहभागिता कुन हदसम्म बृद्धि गऱ्यो र विगतको राजनीतिक व्यवस्थालाई रूपान्तरण गर्ने लक्ष्यमा पुग्यो कि पुगेन भन्ने अध्ययन गर्नेछ ।

# 2. राष्ट्रिय संविधानसभा १९९१ सम्मको लामो यात्रा

सन् १९७० को दशकदेखि र अझ प्रस्टसँग भन्ने हो भने सन् १९८० को दशकदेखि कोलम्बिया राज्य व्यापक राजनीतिक सङ्कटबाट गुज्रन पुग्यो । देशमा भइरहेको ध्रुवीकरण र अन्तरपार्टी हिंसालाई अन्त्य गर्न भनी सन् १९५४ मा दुई वटा प्रमुख राजनीतिक शक्तिहरूबीच सहमति भयो । त्यसताका भ्रष्टाचार, नातावाद राजनीतिक संस्कारको रूपमा विकसित भएको थियो । सन् १९८६ को संविधानको सापेक्षरूपले बन्द चरित्र तथा दुई प्रमुख राजनीतिक दल बीचको (लिवरल र कन्जरभेटिभ) गुटिएरेज ) सत्ता साझेदारीको सहकार्यपूर्ण अभ्यासहरूका कारण राजनीतिक वृत्तमा बलियो प्रतिपक्षीको अनुपस्थिति थियो (२००७)। यस्तो परिस्थीतिमले पारदर्शीता, उत्तरदायीत्व र प्रतिनिधित्वमा संकट पैदा गर्यो र कंग्रेसको निर्वाचन बहिष्कारणले राजनैतिक वैधतामा संकट र राजनीतिक ठालुहरु प्रति अविश्वास पैदा गर्यो (ब्युनाहोरा१९९१, पिकाउट, २००६) । र वैकल्पीक संयन्त्रहरुको अभावले सामाजीक विरोधहरु र आमहडतालहरु गुरिल्ला समुहमा परिणत हुन पुग्यो ।

सन् १९८० को दशकतिर राजनीतिक सङ्कट अझ गहिरियो । यसको पछाडिको प्रमुख कारण राजनीतिलाई प्रभाव पार्न भएको दुई वटा घटनाक्रमहरू थिए । राष्ट्रपति बिलसरिये बिन्टाकार (Belisario Bentacar) ले स्थानीय निकायको निर्वाचन घोषणा गरेपछि एकातर्फ धैरैजसो क्षेत्रीय तहका ठालुहरूले उनीहरूको राजनीतिक प्रभावलाई आंशिक लोकतान्त्रिकरण प्रक्रियाले चुनौती दिएको ठाने । उनीहरूले आफ्ना प्रभाव संरक्षण गर्न उदीयमान दक्षिणपन्थी धारकाविरुद्ध सङ्गठित र हिंसात्मक सशस्त्र समूहहरूसँग बलियो गठबन्धन निर्माण गरे । उनीहरूको मुख्य तारो प्याट्रीओटिक यूनियन पार्टी बन्न पुग्यो । यो पार्टी FARC का सदस्यहरूलाई राजनीतिक जीवनमा सहभागी हुन अनुमति दिन, सन् १९८४ मा फाक (FARC) र सरकारबीच भएको शान्ति वार्ताबाट उदाएको थियो (Romero २००३)। अर्कोतर्फ कोलम्बि या राज्य आफैं पनि मेडिलङ् ड्रग कार्टेल (Medellin Drug Cartel) को भर्खरै गठित समूहहरूसँग खुलेआम युद्धमा फसिरहेको थियो । यी समूहहरू भौतिक संरचना, नागरिक समाज र राजनीतिज्ञहरूमाथि श्रृङ्खलाबद्ध आक्रमण गरेर आफ्नो मुद्दाहरू लागु गर्न चाहन्थे (Palacios, १९९५। दुवै घटनाक्रमहरूले गर्दा सयौंको सङ्ख्यामा सामाजिक अगुवा, पत्रकार, न्यायाधीश तथा राजनीतिज्ञहरूले ज्यान गुमाए । यिनै घटनाक्रमहरूले भइरहेको राजनीतिक व्यवस्थाभित्र समावेशीकरण र सुधारहरूको लागि केही ठालुहरू इच्छुक नभएको उजागर गरिदियो ।

उत्पन्न परिस्थितिसँग जुध्न राज्य कमजोर साबित भयो । यसले परिवर्तनको आवश्यकता झन टड्कारो भएर आयो । अगस्ट १९ सन् १९८९ मा भएको लोकप्रिय उदारवादी नेता तथा राष्ट्रपतिय उम्मेदवार लुइस कार्लोस गुलानको हत्या पछि जनआन्दोलनले थप गति लियो र तत्काल राजनीतिक परिवर्तनको माग अघि सार्‍यो (Buenahora,१९९१)घटनापछि (जस्तै प्राज्ञ र विद्यार्थीहरू) धैरैजसो नागरिक समाजका अगुवाहरू, आमसञ्चार, साथै परम्परावादी राजनीतिक दलका

नेतृत्वहरू समेतले सहभागिताको विभिन्न संयन्त्रहरू बृद्धि गर्दै लोकतन्त्रको स्थापना गरे । त्यसले जारी हिँसा रोक्न र दक्षिणपन्थी धारका गुरिल्ला समुहहरुले चलाएको द्वन्द्वलाइ अन्त्य गर्नका लागि वार्ता गर्न एउटा बलियो आधारको रुपमा काम गर्न सक्छ भन्ने निष्कर्षमा पुगेको थियो । सन् १९८९ मा वैधानिक बाटो मार्पmत संविधान संशोधनका लागि राष्ट्रिपति भिर्जिलो बार्कोले गरेका कदमहरुलाइ कंग्रेसले पारित गरेन । व्यवस्थापकीय निकायहरु नै परिवर्तनका बाधकको रुपमा रहेको थियो र त्यसपछि विकल्पहरुको मागले अरु तीब्रता पायो ( Arias 2009)।

राष्ट्रिय संविधानसभाको पक्षमा वैकल्पिक मतदानको विकल्प निर्माण गर्नका लागि विद्यार्थीहरूले सन् १९९० को मार्च महिनामा स्थानीय र कङ्ग्रेसको नमुना जनमत सङ्ग्रहको आह्वान गरे । यद्दपि यो जनमत सङ्ग्रहको वैधानिक आधार त थिएन तैपनि तीसलाख भन्दा बढी जनताहरूले मतदानमार्फत उनीहरूका अभिमत प्रकट गरेका थिए । यसलाई जनआक्रोसको प्रमुखको सूचकको रूपमा लिइयो (Dugas २००१)। यही अभिमतलाई ध्यानमा राखेर सैनिक कानुनको सहायता लिएर सन् १९९० को मई महिनामा गरिएको राष्ट्रपतीय निर्वाचनको समयमा संविधानसभामाथि जनमत सङ्ग्रह गरिएको थियो । यसको परिणाम स्वरुप राष्ट्रपति पदका उम्मेदवारहरूले आफू निर्वाचित भए वैधानिक संयन्त्र निर्माण गर्ने वाचा गरे । यो कदमलाई पचास लाख भन्दा धेरै मतहरू ९७ प्रतिशत भन्दा बढी मत )Santos / Ibeas १९९५ले अनुमोदन गरेपछि ( मा संविधानसभाको १९९१को अध्यादेश जारी गरे । यसले सन् .नं १९२६मा १९९०निर्वाचित राष्ट्रपति गाभिनाले सन् भर्खरै निर्वाचन सञ्चालन हुने गरी वैधानिक संरचना निर्माणगऱ्यो । राष्ट्रपतिले जारी गरेको अध्यादेशले तत्कालीन संस्थागत संरचनाहरू बहुआयामिक द्वन्द्वहरूको सामना गर्न अपर्याप्त भनी परिभाषित गरिदियो । त्यसकारण सशस्त्र समूहहरूलाई शान्तिपूर्ण राजनीतिमा समेट्दै शान्ति कायम गर्न सक्ने संयन्त्रको रूपमा संविधानसभालाई अघि सारे (Decree No.१९२५, १९९०सरकारले । राजनीतिक सङ्कटलाई सम्बोधन गर्न अलग द्वन्द्व अन्त्य गर्ने आवश्यक कदमको रूपमा को दशको सुरुतिर १९९०को दशको अन्त्य र सन् १९८०संविधानसभालाई प्रस्तुत गरेको थियो । त्यसकारण यसलाई सन् गरिएका शान्तिवार्ताको सन्दर्भमा व्याख्या गरिनुपर्छ ।)

## 2.1 सन् १९८० को दशकको अन्त्य र १९९० को दशकको सुरुआतमा गरिएका शान्ति वार्ताहरू

बिटान्कुर र बार्के (Betancur र Barco) प्रशासनहरूले अङ्गीकार गरेका महत्वपूर्ण राजनीतिक आधारहरू राज्यले सुरु गऱ्यो । दुवै प्रशासनले द्वन्द्वको संरचनागत कारणहरू पहिचान गरेका थिए र राजनीतिक समाधान खोज्न सक्दो प्रयत्न गरे । गुरिल्ला समूहहरूलाई फेरि सक्दो क्षमादान प्रदान गरी एउटा शान्ति आयोग गठन गरेर द्यभतबलअगच ले विभिन्न राजनीतिक शक्तिहरूको सहभागिता सहित राष्ट्रिय संवाद सम्भव तुल्याएको थियो । त्यसैमा टेकेर सन् १९८४ मा नयाा शान्ति आयोग सरकारले बनायो र अप्रील मुभमेन्ट एम-१९, पपुलर लिबरेसन आर्मी, र्फाक, आर्मड मुभमेन्ट क्वीन्टीन ल्याम र रिभोल्युसनरी पार्टी वर्कस र सरकारका विचमा १९९१ तिर सम्झौता भयो । यसलाइ राष्ट्रपति गाभिनाले शान्ति सम्झौताको मूख्य कडी हो भनि भनेका थिए ।

सबै वार्ताहरूको )FARCसँगको असफल वार्तासहित एउटा प्रमुख बुँदा नै राजनीतिक व्यवस्थाको सम्भावित ( स थियो । सबै गुरिल्लासुधारमाथिको बहसमूहहरूले संविधानसभाको गठन गर्न प्रस्ताव गरे र कोलम्बियाली द्वन्द्वलाई अन्त्य गर्न आवश्यक कदमको रूपमा संविधान संशोधनमा जोड दिए । यी र यसको राजनीतिक शाखा कोलम्बियन कम्युनिष्ट पार्टी- मार्क्सवाद लेनिनवाद )PCC-MLधानसभाको माग गरिरहेकोदेखि नै संवि १९८४ले सन् ( थियो । यसै सन्दर्भमा सन् १९९० मा गुरिल्लाहरूको छाता सङ्गठन साइमन बोलिवर गुरिल्ला कोअर्डिनेटङ बोर्ड)CGSB सहित (FARC /

ELN ले समाजका हरेक क्षेत्र तथा गुरिल्लाहरूको समूहहरू )CGSB १९९०सँगको बोर्डमा आधारित सम्झौताको आधारमा ( य संविधानसभा राजनीतिगठित राष्ट्रिक परिवर्तको आधार बन्नसक्छ भनेर घोषणा गऱ्यो ।

एम-१९ सँग गरिएको वार्ताको प्रक्रिया र अन्तिम शान्ति सम्झौतासँग एम-१९ को मुख्य लक्ष्यको रूपमा वास्तविक लोकतन्त्र स्थापित भयो । गुरिल्लाहरूको प्रमुख कमाण्डर ऋबचयिक एष्शबचचय ले यो बुँदालाई वार्ताको सुरुको चरणमै उठान गरेका थिए । त्यस समयमा उनले यो बुँदालाई तीन वटा संशोधनभित्र पारेका थिए । यो बुँदालाई कोलम्बियामा जारी हिंसा तथा सङ्कटलाई अन्त्य गर्न आवश्यक पूर्वसर्तको रूपमा प्रस्तुत गरेका थिए )Pizarro १९८९। संविधान र निर्वाचन ( प्रणालीको सुधारको मुद्दा वार्ताको क्रममाअन्य मुद्दाहरूसँग सह-अस्तित्व, न्याय, कानुन र सामाजिक आर्थिक व्यवस्थाहरूलाई प्रमुख प्राथमिकताको साथ उठाएका थिए )Villamizar १९९५मा हस्ताक्षर भएको पोलिटिकल प्याक्ट १८८९नोभेम्बर २। ( डेमोक्रेसीले संविधानसभाको गठन उल्लेख गर्न असफल भयो । यसको गठनक फर पिस एण्ड◌ो सट्टा सरकारले कङ्ग्रेसमा विधयक पेश गरेर कङ्ग्रेसद्वारा पारित गरी संविधान संशोधन गर्ने सहमतिलाई समावेश गऱ्यो । Barco को संविधान संशोधनको मुद्दा कङ्ग्रेसमा असफल भएपछि एम-१९, ले असहिष्णुता र भ्रष्टाचारको वातावरण अन्त्य गर्न राज्य र संविधान पुनःसंरचना गर्नसक्ने अधिकारसहितको राष्ट्रिय संविधानसभा आवश्यक छ भनी घोषणा गऱ्यो । मार्च ३ मा हस्ताक्षर भएको अन्तिम शान्ति सम्झौताको धारा १ मा यो मुद्दालाई समावेश गऱ्यो र संविधान संशोधन जरुरी भएको उल्लेख गरे पनि संविधानसभाको गठन गर्ने वा नगर्ने भन्ने विषय सरकारको जिम्मामा छोडिदिएको थियो ।

पपुलर लिबरेसन आर्मी, आर्मड मुभमेन्ट क्वीन्टीन ल्याम र रिभोल्युसनरी पार्टी वर्कस सँग भएको बृहत् शान्ति सम्झौता संविधानसभाको गठन अघि नै निर्णय भए पनि संविधानसभाको गठनपछि मात्र हस्ताक्षर भयो । संविधानसभाको गठनले विभिन्न दलहरूलाई वार्ताको टेबलमा ल्याउन र सहजिकरण गर्न मद्दत पुऱ्यायो । सन् १९९० को अगस्ट २४ मा राष्ट्रपतिद्वारा जारी भएको १९२६ नम्बरको घोषणाले सबै सशस्त्र समूहको स्थान संविधानसभामा सुनिश्चित गरिदियो । वार्ताको क्रममा प्रमुखताको साथ उठाइएको सहभागिताको अधिकार र अन्य सहमतिहरूमा केही समयपछि हस्ताक्षर भयो )Villarraga २००९ । (

सङ्क्षेपमा भन्दा संविधानसभाको गठन शान्ति वार्ताको परिणाम भएको होइन बरु राजनीतिक व्यवस्थाको आधुनिकीकरण र वैधानिकीकरण गर्न प्रयत्न गर्ने परम्परावादी राजनीतिक दलहरू र समाजका रहेका सुधारवादी समूहहरूबीचको संयोजनले गर्दा भएको हो । सबै गुरिल्ला समूहहरू )ELN बाहेकले संविधानसभाको गठन ग (र्ने प्रस्ताव गरे । त्यसैबेला सरकारले शान्ति सम्झौताको विचारलाई अघि साऱ्यो । यही कार्यलाई अघि बढाउन नागरिक समाजबाट पनि महत्त्वपूर्ण सहयोग प्राप्त भयो । यसैको परिणाम स्वरुप सातौँ मतदान सम्भव भयो । आम सञ्चारमाध्यमले पनि यो प्रक्रियालाई गति प्रदान गरे र अन्त्यमा Barco र Gaviria को प्रशासनले यसलाई लागु गऱ्यो ।

## 2.2 राष्ट्रिय संविधानसभाको तयारी

राष्ट्रिय संविधानसभाको गठन लगभग सम्भव भएपछि निर्वाचन प्रक्रिया र संविधानको अन्तरवस्तुमाथि व्यापक सार्वजनिक बहस सृजना भयो । भर्खरै निर्वाचित राष्ट्रपति र लिवरल पार्टीको प्रमुख Gaviria ले यसलाई मूर्तरूप दिन मौका छोपे । सन् १९९० को मार्च र मईमा भएको संसदीय र राष्ट्रपतीय निर्वाचनमा पाँच प्रतिशत भन्दा धेरै मत प्राप्त गर्ने राजनीतिक दलका नेताहरूलाई संविधानसभामा नजिकबाट सहकार्य गर्न लिखित आहवान गऱ्यो । स्थापित राजनीतिक शक्तिहरू बाहेक यो

प्रावधान १९ को पूर्वकमाण्डर Navarro Wolff ले नेतृत्व गरेको भर्खरै स्थापित लोकतान्त्रिक गठबन्धन एम-१९ मा समाहित गरियो ।

राष्ट्रपतिले चालेको कदमले व्यापक सहभागिताको लक्ष्य राखेको भए पनि अन्य संसदीय आन्दोलन र दलहरूलाई वेवास्ता गरियो । वास्तवमा उनीहरू नै संविधानसभा गठन गर्ने प्रमुख शक्ति थिए । राष्ट्रपतिको यो कदमको आलोचना भयो । समावेशी प्रक्रियाको तगारोको रूपमा रहेका गुरिल्लाहरूको अनुपस्थिति रह्यो )Buenahora १९९५। (

शान्तिवार्तामा सहभागी गुरिल्ला समूहहरू जस्तै पपुलर लिबरेसन आर्मी, आर्मड मुभमेन्ट क्वीन्टीन ल्याम र रिभोल्युसनरी पार्टी वर्कस (PRT, EPL / MAQL) ले आदिवासी प्रतिनिधित्वको सङ्ख्या वृद्धि गर्न र आफ्नो सहभागिताको सर्तहरू राख्दै संविधानसभाको गठनलाई प्रभाव पार्न सक्दो प्रयास गरे । सन् १९९० मा संविधानसभालाई लिएर गरिएको जनमत सङ्ग्रहपछि फाकं (FARC / ELN) ले विद्रोही शक्तिको वैधानिक अधिकारको माग सुरु गर्‍यो । यही सन्दर्भमा ँब्च्क्ऋ ले कयौँपटक सभाको लागि वैकल्पिक संरचनाहरूको प्रस्तावसमेत गर्‍यो (FARC १९९० ।

राष्ट्रपतिकै प्रस्तावमा टेकेर सबै आमन्त्रित राजनीतिक नेतृत्वहरूले संविधानसभाको गठन, अवधि, निर्वाचन प्रक्रिया र आधारभूत मुद्दामाथि भएको पहिलो सहमतिमा हस्ताक्षर गरे । त्यहीअनुरुप राष्ट्रपति न्बखष्चष्ब ले पहिलो कोलम्बियाली राष्ट्रिय संविधानसभाको वैधानिक संरचनाको लागि माथि उल्लेख गरिएझैँ अध्यादेश जारी गरे । यो अध्यादेशले सन् १९९० को डिसेम्बर ९ तारेखका दिन ७० प्रतिनिधि, दल दर्ता वा आन्दोलनमा सहभागी हुनेहरूको सूची निर्धारण गर्‍यो । निर्वाचन प्रक्रिया र सभा सञ्चालनको लागि सर्तहरूलाई परिभाषित गर्‍यो । सन् १९९१ को फेब्रुअरी ५ देखि जुलाई ५ सम्म जम्मा १ सय ५० दिनका लागि संविधानसभाको समयावधि निर्धारण गरिएको थियो ।

धेरै आलोचकहरूका अनुसार सम्बोधन गर्नैपर्ने मुद्दाहरूमाथि लगाइएको बन्देज संविधानसभाको भावना विपरीत थियो । सर्वोच्च अदालतले पनि यस्ता विवादास्पद विषयहरूमा आफ्नो विचार प्रकट गर्‍यो । अध्यादेशको संवैधानिकता खोज्ने क्रममा झिनो बहुमतले मात्रै गलत भनी घोषणा गर्‍यो ।

सार्वजनिक बहसमार्फत टिप्पणी तथा सुझाव सङ्कलनको लागि १५ सय जति सार्वजनिक सुनुवाइ कार्यक्रमहरू आयोजना गरिए । गुरिल्ला समूहहरूलाईसमेत कार्यक्रममा सामेल गराउन गुरिल्ला बस्तीहरूमा पनि यस्ता सार्वजनिक सुनुवाइ कार्यक्रमहरूको आयोजना गरिएका थिए भने ९ सय जना विज्ञहरूले १ लाख ५० हजार भन्दा बढी सुझावहरूको अभिलेखीकरण, विश्लेषण र सङ्क्षेपिकरण गरे । यी सुझावहरूलाई पछि संविधानसभामा छलफलका लागि प्रयोग गरिए । यी प्रक्रियामा सहभागिताको दर उच्च रहन पुग्यो र कोलम्बियाली समाजको अधिकतम प्रतिनिधित्व हुन पुग्यो । तर, यस प्रक्रियामा केही विश्लेषक तथा विज्ञहरू बढी हावी भए । सर्वसाधारण जनता बहस बारे नबुझेर वा चासो नभएर सीमान्तकृत हुन पुगे ।

सर्वोच्च अदालतको फैसलालगत्तै निर्वाचन दौडधुप सुरु भयो । सरकारले निर्वाचनमा सहभागी हुने सबै समूह तथा दलहरूलाई आर्थिक सहयोगको साथै आमसञ्चारमाथि पहुँच उपलब्ध गराइ दियो )Buenahora १९९१। प्रत्येक दलले ( विगतको निर्वाचनमा प्राप्त गरेको मतहरूका बारे सञ्चारमाध्यममार्फत भएको प्रचारप्रसारले गुरिल्ला र कङ्ग्रेसमा प्रतिनिधित्व हुन नसकेका अन्य दलहरूलाई सबैभन्दा बढी बेफाइदा भयो ।

- जे जस्तो भएपनि परिवर्तन जरुरी भइसकेको थियो । विभिन्न सङ्गठनहरू र नागरिक समाजलाई प्रतिनिधित्व गर्ने समूहहरूले सूचीहरू तयार पार्न थाले र निर्वाचनको लागि दौडन थाले । १ सय १६ वटा दलहरू दर्ता भए । दुई दलीय सरकारको संस्कार बल्ल अन्त्य हुने सम्भावना देखा पर्‍यो । यसलाई वैचारिक मतदानबाट सम्भव तुल्याइएको थियो । यसको अन्तिम छिनोफानो १९९० को डिसेम्बरमा भएको चुनावी परिणामसँगै भएको थियो । फेरि पनि परम्परवादी पार्टीहरूले धेरै मत प्राप्त गर्न सफल भ (हेर्नुहोस् १तालिका )ए । जम्मा १ सय १६ वटा

दलहरूमध्ये ७३ दलले केवल १० हजार भन्दा कम मत पाए । निर्वाचन परिणामले दुईदलीय प्रणालीको उत्तम विकल्प भएको अभिमत प्रकट भयो । उक्त पार्टीले २६ । उक्त मत लिबरल पार्टीले प्रतिशत प्राप्त गऱ्यो ७. ) प्राप्त गरेको मत३१ (प्रतिशत २.भन्दा थोरैमात्र कम थियो । यी दुई वटा बाहेक भर्खरै गठन भएको कन्जरभेटिभ नेसनल स्यालभेसन मुभमेन्ट )MSNअर्को शक्तिको रूपमा उदायो । उक्त पार्टीले ट्रेडिसन्ल ( ।कन्जरभेटिभ पार्टीको भन्दा दोब्बर बढी मत प्राप्त गऱ्योEPL ले केवल दुई वटा सीटमात्र प्राप्त गऱ्यो । उक्त मतदान संयन्त्रले गर्दा नै ठूला दलहरू, केही साना दलहरू सफलतापूर्वक (जातीय र धार्मिक मतसहित) .३संविधानसभामा प्रवेश गर्न सफल बने । क्रिश्चियन युनियन र इन्डिजिनियस मुभमेन्टस् क्रमश १ र १ ५. प्रतिशत मतसहित संविधानसभामा प्रवेश गरे ।EPL का दुई जना प्रतिनिधि र MAQL र PRT बाट छानिएका दुईजना प्रवक्ताले संविाधानसभामा विगतमा बहिष्करणमा परेका समुदायहरूलाई प्रतिनिधित्व गराउन सम्भव भयो )Palacios १९९५। परम्परवादी ठालुहरूले केही प्रभाव गुमाएको जस्तो देखियो । लामो समयदेखि ( बहिष्करणमा परेका समुदायहरूको पनि संविधानसभामा प्रतिनिधित्व हुन सकेकोले संविधानसभा एकातिर ऐतिहासिकरूपले सुन्दर र समावेशी बन्न पुग्यो ।

तालिका १ : एएनसि चुनावी परिणाम

| एएनसि चुनाव १९९० | |
|---|---|
| राजनीतिक दल / अभियान | प्रतिनिधि सङ्ख्या |
| लिवरल पार्टी | 25 |
| एडीएम१९- | 19 |
| नेशनल साल्भेशन मुभमेन्ट | 11 |
| सोशल कन्जरवेटिव पार्टी | 5 |
| इन्डिपेन्डेन्ट कन्जरवेटिव | 4 |
| क्रिश्चियन यूनियन | 2 |
| प्याट्रिओटिक यूनियन | 2 |
| इन्डिजिनियस मुभमेन्ट | 2 |

ड्रग काटेलस, फारक/एलिन (Drug Cartels, FARC / ELN) जस्ता महत्वपूर्ण अभिकर्ताहरूको साथै केही परम्परावादी राजनीतिक ठालुहरू संविधानसभामा सहभागी हुन चाहेनन् वा सरकारले सहभागी हुनबाट रोक लगायो । निर्वाचनको दिन सरकारले फारक (FARC) को प्रधान कार्यालयमा सेनालाई आक्रमण गर्न लगायो । लिवरल र कन्जरभेटिभ दुवै पार्टीले संविधानसभाको अवसरलाई वेवास्ता गरे । त्यसको परिणाम स्वरुप सभाले शहर केन्द्रित परम्परावादी राजनीतिक दलहरूको प्रतिनिधित्व गरायो । उनीहरूले आफ्नो अभ्यासहरूलाई थोरबहुत निरन्तरता दिन चाहे ।

संविधानसभाको समावेशीता द्विविधापूर्ण रहन पुग्यो । समाजका सबै तहले निर्वाचनमा समानरूपले सहभागी हुन पाउने व्यवस्था थियो । गुरिल्ला समूहहरूको सन्दर्भमा पनि सरकारसँग वार्तापछि यही अवसर सम्भव भएको थियो । तर, संविधानसभाको वास्तवविक गठन पूर्ण समावेशी हुन सकेन । उक्त प्रक्रियामा केही महत्वपूर्ण परम्परावादी राजनीतिक ठालु, फारक/एलिन (FARC / ELN) को सहभागिता हुन सकेन ।

# 3. राष्ट्रिय संविधानसभाको गठन

प्रतिनिधिहरूको छनोटपछि संविधानसभाले सन् १९९१ को फेब्रुअरी ४ देखि आफ्नो कार्य प्रारम्भ गऱ्यो । सभालाई छलफलका लागि पाँच वटा फरक आयोगहरूमा विभाजन गरियो । सबै धाराहरूलाई बहुमतले पारित गर्नैपर्ने प्रावधान संविधानमा थियो ।

संविधानसभा सुरु हुने एक महिना अघि नै MSN ADMसँग संविधानसभामा नेतृत्वको लागि लिवरल पार्टीले १९ - । सुरुमा उनीहरूले सभाको अध्यक्षता तीनवटा ठूला दलहरूकाबीच आलोपालो गर्ने गरेको दावीविरुद्ध गठबन्धन निर्माण गऱ्यो पार्टी भने पनि अन्ततः लिवरल; एन्टोनिया नगरो वोल्फ )ADM (१९-, Alvaro Gomez Hurtado -MSN_ र Horucio sersa urive ले संयुक्त अध्यक्षता गर्ने सहमति गरे । संविधानसभामा प्रतिनिधित्व गर्ने अन्य साना (लिवरल पार्टी) न सहदलहरूले संविधानसभाका आयोगहरूमा कम्तीमा एउटा सभापति वा उपसभापतिको पद दिमति पनि गरे ।

संविधानसभाको समयावधि भर सर्वसम्मति र बहुमतको आवाजहरू गुञ्जिइरहे प्रतिशत धाराहरू ७४जस्तैः संविधानका ) । दल तथा प्रतिनिधिहरू भिन्न विचारधारा र परिवेशको भए पनि राजनीतिक ( सर्वसम्मतिको आधारमा पारित गरिए व्यवस्था सङ्कट अन्त्य गर्दै नयाँ राजनीतिक निर्माणको सुनौलो अवसरको रूपमा संविधान सभालाई लिन उनीहरू सहमत भएका थिए ।

संविधानसभाको बैठक सुरु भएलगत्तै प्रत्येक प्रतिनिधिलाई जारी राजनीतिक सङ्कट र नयाँ संविधान माथि उनीहरूको विचार खुलस्त राख्न अनुमति दिइएको थियो । राज्यले वैधानिकता गुमाउँदै गएकोमा सबैको एकमत थियो । सबै वक्ताहरूले जनता र राज्यबीच खाडल भएकोमा सहमति जनाए । वैधानिकताको सङ्कटको स्रोत को हो भन्नेमा प्रतिनिधिहरूबीच विमति थियो । परम्परावादी राजनीतिक दलहरूले अधिकारको प्रत्याभूति वा मौलिक अधिकारको प्रत्याभूूति दिन असक्षम भएको विषयलाई प्राथमिकताका साथ उठान गरे । उनीहरूले राजनीतिक सङ्कट एकीकृत भएर आएको देखे भने संविधानमा बहुआयामिक विषयहरूलाई समावेश गर्न सहमत थिए । लिवरल पार्टी र कन्जरभेटिव पार्टीहरूले मौलिक अधिकार र प्रत्याभूतिलाई व्यापकता र समय सापेक्ष बनाउनुपर्ने कुरामा जोड दिए ।

अन्य दलका प्रतिनिधिहरूले भने उनीहरूको मतलाई अस्वीकार गरे । राजनीतिक र सामाजिक बहिष्करणलाई नै उनीहरूले राजनीतिक सङ्कटको मुख्य स्रोत भएको दावी गरे भने राजनीतिक प्रणालीमाथि प्रश्न उठाए । परम्परावादी ठालुहरूको प्रभुत्व कायम भएका राजनीतिक दलहरूले देशको राजनीतिक संस्कारमा व्यापक परिवर्तन ल्याउँछन् भन्नेमा धेरैजसो प्रतिनिधिहरू ढुक्क थिएनन् । यही मानसिकताको कारण उनीहरूले सांस्कृतिक, जातीय र धार्मिक विविधतालाई पहिचान गर्दै सहभागितामूलक तरिकाले राज्यको पुनः संरचना गर्नुपर्ने प्रस्ताव अघि सारे । यसको सार भनेकै बढी सहभागितामूलक शासन संरचनामार्पmत समावेशीकरणको अडान थियो । निर्णयमाथि सहज पहुँच र निरन्तर सार्वजनिक अनुगमनपछि राज्यका अङ्गहरू र तिनीहरूका नीतिहरूले वैधानिकता प्राप्त गर्छ र सामाजिक न्याय स्थापित हुन्छ । जारी राजनीतिक संस्कार यथास्थितिमै छोडी दिने हो भने परम्परादेखि रहिआएको ठालुहरूको प्रभावले मात्र निरन्तरता पाउँछ ।

यी दुवै अडानहरूको प्रभाव थोरबहुत सरकारमा पनि परेको थियो । नयाँ संविधानसभाका लागि उन्नत लोकतन्त्र मौलिक अधिकार, संवैधानिक लचकता र राज्य र नागरिकद्वारा राज्यको विभिन्न संयन्त्रहरूमाथि पर्याप्त नियन्त्रणको आवश्यकता पर्ने प्रस्ताव सरकारले गऱ्यो ।

सहभागिताको अधिकारमा धैरै सहमत भए पनि राजनीतिक समावेशीतालाई केही प्रतिनिधिहरूले उद्देश्यका रूपमा लिन सक्ने खतरा पनि उत्तिकै थियो । कन्जरभेटिव दलका केही प्रतिनिधिहरूले लोकप्रक्रियावाद भनी प्रस्तावको आलोचनासमेत गरेका थिए । संविधानसभा बाहिर परम्परावादी राजनीतिक ठालुको ठूलै समूहले यो विचारलाई समर्थन गऱ्यो ।

# 4. संहिताकरण ( कोडिफीकेसन )

माथि उल्लेख भएका सर्वसम्मति, लोकतन्त्र र मौलिक अधिकारहरू १९९१ को संविधानको मूल खम्बा बन्यो । व्यापक सहभागिताको लागि माथि उल्लेख गरिएकाहरू अनिवार्य सर्तको रूपमा बुझिएकाले नियमावालीले मौलिक अधिकारको व्यापक बुँदा तयार पार्यो र तिनीहरूको पुष्टिको व्यापक प्रक्रिया तयार पारियो । यिनीहरूले सहभागितामूलक र बहुलवादी लोकतन्त्रको आधारशीला खडा गरे । जम्मा ३ सय ८० ओटा धाराहरू मध्ये ६५ वटा धाराहरूले कुनै प्रकारको सहभागिताको संयन्त्रको बारे उल्लेख गरेका छन् । धारा २ ले प्रत्यक्ष प्रभाव पार्ने निर्णय निर्माण तह र राष्ट्रको आर्थिक, राजनीतिक, प्रशासनिक र सांस्कृतिक क्रियाकलापहरूमा सहभागिताको लागि सहजिकरण गर्ने राज्यको प्रमुख दायित्वको व्यवस्था गरेको छ । अघिल्ला संविधानहरू भन्दा फरक यस संविधानले समावेशिताको सिद्धान्तलाई अङ्गीकार गरेको छ ।

यही सिद्धान्तलाई अनुसरण गर्दै नयाँ कानुनले मतदानको अधिकारलाई व्यापकता दियो । साथै यसले राजनीतिक शक्तिको स्थापना, अभ्यास र नियन्त्रण सहभागिताको लागि श्रृङ्खलाबद्ध राष्ट्रिय र स्थानीय संयन्त्रहरूको सुरुवात गऱ्यो (४०धारा )।

संविधानको धारा १०३ ले अभिमत प्रकट गर्ने, जनमत बुझ्ने, सुझाव लिने, खुल्ला सहरीया परिषद्को बैठक र प्रतिनिधिहरूलाई फिर्ता बोलाउने संयन्त्रहरू सुरु गऱ्यो । अन्तत कङ्ग्रेसले संविधान संशोधनमा आफ्नो एकाधिकार गुमायो । नयाँ संविधानलाई सन् १९८५ मा सुरुवात गरिएको प्रक्रियाको निरन्तरताको रूपमा हेर्न सकिन्छ । त्यसैले नयाँ राजनीतिक दलको गठन र सहभागितालाई सहजीकरण गर्न लक्षित थियो । निर्वाचन अनुगमनहरूलाई साना दलहरूको समेत सहभागिताको वातावरण निर्माण गर्न सक्ने गरी सुधार गरियो । नयाँ संविधानले समानुपातिक प्रतिनिधित्वको सिद्धान्तमा आधारित निर्वाचन प्रणाली अङ्गीकार गऱ्यो भने निर्वाचन क्षेत्रहरूको पुर्नगठन गऱ्यो ।

भौगोलिक पुनःसंरचनाको बारेमा पनि संविधान सभाभित्र व्यापक बहस भएको थियो । यसको लागि छुट्टै आयोगको व्यवस्था पनि गरिएको थियो ।

नयाँ संविधानमा प्रशासनिक विकेन्द्रीकरण र राजनीतिक स्वयत्तताका दुई वटा सिद्धान्तहरूको व्यवस्था गरिएको थियो । यी सिद्धान्तहरू राष्ट्रपतिले गभर्नरलाई सिधै नियुक्ति गर्न सक्ने जस्ता अलोकतान्त्रिक प्रावधानलाई सुधार गर्न लक्षित थिए । विकेन्द्रीकरण पछाडिको आधार भनेकै आफ्नै निर्वाचन क्षेत्र नजिक रहेर निर्णयकर्ताहरूलाई प्रभावकारी तरिकाले नियन्त्रणमा राख्न सकिन्छ । यही सिद्धान्तहरूलालाई आधार मान्दै आर्थिक स्रोतहरूलाई स्थानीय निकायमा विकेन्द्रीत गर्ने, स्थानीय निकायहरूलाई यी स्रोतहरू व्यवस्थापन गर्ने अधिकार दिने र आफ्नै स्थानीय सरकारद्वारा शासित हुन पाउने अधिकारको व्यवस्था धारा २८७ मा गरेको छ । धारा ६ ले जातीय र सांस्कृतिक विविधता पहिचान र संरक्षण गर्ने व्यवस्था गरिएको छ । अल्पसङ्ख्यकहरूलाई विशेष अधिकारको व्यवस्था गरिएको छ । यसका साथै संविधानले धार्मिक अल्पसङ्ख्यकहरूको अधिकारका साथै धार्मिक स्वतन्त्रताको प्रत्याभूति गरिएको छ ।

# 5. सन् १९९१ को संविधानको कार्यान्वयन

संविधानसभाको अन्तिम तर, कठिन निर्णय संसद्को विघटन र मध्यावधि निर्वाचनसँग सम्बन्धित थियो । संविधानसभाका प्रतिनिधिहरूले विरोधाभासपूर्ण व्यवस्थाहरू स्वीकार गरे । त्यसैले उनीहरूलाई निर्वाचनपछि सिनेट र हाउस अफ रिप्रिजेन्टेटिभस् सञ्चालन गर्न सजिलो भएको थियो । संविधानसभाको तीन जना सभापति र सरकारले यस्तो निर्णय गरेका थिए । सन् १९९० को अध्यादेश नं १९२६ ले कंग्रेसका विघटन गर्न मार्ग प्रशस्त गन्यनभने त्यसैले संविधानसभाको अध्यक्षता स्थापित गरिदियो । यसले अर्को निर्वाचनमा सहभागी हुन संविधानसभाको प्रतिनिधिहरूमाथि लागेको बन्देज र सार्वजनिक निकायहरूको समयावधि परिवर्तन गर्न सकेन । सर्वोच्च अदालतले अध्यादेशलाई वैधानिकता प्रदान गरेको थियो । त्यसकारण त्यसको पूर्ण अधिकार संविधानसभामा निहित थियो ।एमएसएन / एडिएम -१९ ले यो प्रावधान परिवर्तनको लागि सहमति गरे ।

समस्या जटिल भएपछि सरकारले पूर्वराष्ट्रपति Lopez Michelsen लोपर मिस्लेलसनसँग शृङ्खलाबद्ध १ बैठकहरू गर्न थाल्यो र समस्याको समाधान खोज्न थाल्यो । संविधानसभा र केही परम्परावादी ठालुहरूबीचको शत्रुतापूर्ण व्यवहारको कारण एमएसएन / एडिएम -१९ ले सरकारले ल्याएको प्रस्तावलाई अस्वीकार गरिदियो । तालिका २ मा देखाएझैँ परम्परावादी राजनीतिक दलहरू पहिलेकै अवस्थामा फर्के र सन् १९९१ मा भएको निर्वाचनमा विजय हासिल गरे । संविधानसभामा प्रतिनिधित्व भएका अन्य नयाँ दलहरूले निर्वाचनमा सफलतालाई निरन्तरता दिन सकेनन् ।

सिनेटमा कंग्रेसको बहुमत भएको कारण एएनसि (ANC )केही परम्परावादी शक्ति, एडिएम–१९ (ADM-19) र एमएसएन (MSN) अर्को चुनावको विपक्षमा रहेको कारणले त्यसको विरोधमा रहेका थिए ।

एलभारो गोमेज हुरटाडो (एमएसएनको नेता)ले संविधानसभालाइ कंग्रेसको जिम्मा छोडनु भनेको वाइबलमा हेरोडको जस्तो जनावर चरित्रलाइ जिम्मा दिनु हो (Alarcon 2011) भन्दै तुलना गरेका थिए । अन्ततः लिवरल र कन्जरभेटिभ पार्टीका नेताको दबाब थेग्न नसकेको कारणले नाभारोले उनीहरुसंग सम्झौता गरे । त्यतिमात्र होइन् एमएसएन (MSN)को सिद्धान्त र विचारको विपरित सरकारी पक्षधर भएर एएनसि(ANC) का सबै आन्दोलनमा रहेका सदस्यहरुलाइ अर्को चुनावमा लडन् नमिल्ने गरि नयाँ कानुनी प्रस्ताव गरेका थिए ।

| **१९९१ सिनेटको चुनाव** | |
|---|---|
| **पाटी / अन्दालन Movements** | सिट संख्या सिनेटमा **Seats in Senate** |
| **लिबरल पाटी** Liberal Party | ५९ 59 |
| **कन्जरभेटीब पाटी**[1] | २६ 26 |
| **एडीएम M-19** | ९ 9 |
| **इन्डीजीनियस मुभमेन्ट** | ३ 3 |
| **पेटिरयाटिक युनियन Patriotic Union** | १ |
| **अन्य Others** | ४ |

[1] यसमा सासल कन्जरभेटब पाटी, एमएसएन, र नेसनल कन्जरभेटिब मुभमेन्ट समावेश थिया

तालिका नं.२मा देखाए अनुसार  पहिलो संविधानसभाको चुनावमा देखिएको सप्तरंगी इन्द्रेणी समुह – जो समावेशी समुह थियो र पहिलो चुनावमा बहुमत ल्याएको एएनसि (ANC)ले दोस्रोमा सफलता हासील गर्न सकेन । यसको कारण संम्भवतः जनताबाट भोट परम्परागत रुपमा कसरी प्राप्त गर्नु पर्छ भन्ने ज्ञान नभएर हुन सक्छ । तर उनीहरु ध्यान दिन नसकेको कुरा भनेको राजनीतिक परिवर्तन जुन गतिमा भयो जनतामा प्रतिनिधि छनौट संस्कृतिमा भने परिवर्तन नभएको कारणले असफल भएको हो । यसरी एडिएम–१९ (ADM-19)ले एक वर्ष अगाडि जुन सफलता प्राप्त त्यो दोस्रो चुनावमा पाप्त गर्न सकेन । उसले सिनेटमा ९ सिट र हाउस अफ रिप्रेजेनटेटीभमा (House of representative)मा १३ सिट मात्र प्रापत गर्यो ।

एएनसि (ANC)को आन्दोलनकता र नेताहरुको चुनावी असफलता पछि संविधानमा लेखियेन धारा र नियमहर लागु गर्नमा कम प्रभाव परेको थियो । कांग्रेसका बहुमत परम्परा गत राजनिंिति शतिm भएको कारणले उसले नया धारा र नियमहरुको विरुद्दमा विभिन्न नियमहरु पारित गरेका थियो ।

त्यस पछिको कार्यपालीका, व्यवस्थापिकाले नया संविधानमा सहभागितामुलक, बहुजातीय र बहु सास्कृतिक लोकतन्त्र भनी थप नया उदेश्यहरु राखेको थियो । जस्तैं कोलम्बियन समुदायला आदिवासीको रुपमा र उनिहरुको येतिहासिक जमिन लिनु पर्र्ने प्रावधान कानुनी रुपमा नै १९९३ को धारा ७० मा ब्यवस्था गर्यो (अरोचा २००४)त्यस्तै कसैले नया राजनीतिक दल दर्ता गर्नु पर्ने भयो विधान कार्यालय र ५०००० को हस्ताक्षर वा एकजना कांग्रेसमा प्रतिनिधि भएको हुनु पर्ने प्रावधान १९९४ को धारा १३० मा उल्लेख गरेको थियो । यद्दपी अन्य धारा र कानुनहरुले भने नयाँ राजनीतिक सहमतिहरुलाइ प्रतिगमनतिर फर्काउने काम गर्यो । समावेशी संयन्त्र बनाउनको लागि न्युनतम ७०% विधायकहरुको सहमति पछि मात्र मेयर वा गर्भनर नियुक्ती वा परिवर्तन गर्ने भनि धारा १३४ मा१९९४ मा कानुनको व्यवस्था गर्यो । यस्ता धाराले समावेशीता बढाउने भन्दा पनि त्यसको प्रयोगमा हतोत्साही गर्ने तर्पm लागेको थियो (Buenahora 1995, Giraldo 2011)। र यस्ता प्रकारका कानुनी प्रावधानले  राष्ट्रिय र स्थानीय करहरुमा जनताको पहँुच नपुग्ने अवस्था भएको थियो । यस्तै कानुनी प्रावधानका कारणले न विकास हुन सक्छ नत सहभागीत्मक लोकतन्त्रलाइ मलजल गर्छ (Gutierrez,1996) । र सहभागी संयन्त्र निर्माणको लागि सबै राजनीतिक शक्तिहरुले सम्बोधन गर्न सकेनन् (Giraldo,2011) ।

सन् १९९३ देखी १९९८ सम्ममा आठ वटा प्रतिगमन उन्मुख संवैधानिक कानुनहरु ल्याइएको थियो । यद्धपि त्यस्ता कानुनले सहभागीत्मक संयन्त्र बनाउन वा लागु गर्न प्रत्यक्ष असर नगरे पनि एएनसि (ANC) को शुरुवाती उदेश्य भन्दा फरक थियो । उदाहरणका लागि हाउस अफ कंग्रेसका सदस्यहरु परिवर्तन गर्ने प्रावधान हटाइएको थियो । तर पछि १८८६ मा रहेको सो व्यवस्थालाइ पुनःल्याइएको थियो जसलाइ ब्ल्ऋ ले बहसको विषय बनाएको थियो । यस्तो सदस्य परिवर्तन गर्ने नियमले व्यापारीकरण बढाउने काम गरेको थियो । अर्को उदाहरण राज्यको भौगोलिक एकता कायम राख्नको लागि विकेन्द्रीकरण मार्पmत गर्ने प्रावधानको विपरित १९९५ मा धारा ३५७ ल्याएर स्थानीय र क्षेत्रीय अधिकारीमा रहेको रकामान्तर प्रावधान हटाइएको थियो (Garcia Palayo 2011)।

पूर्व सदस्य र संचार माध्यमले  यस्ता कार्यलाइ प्रतिगमनकारी राजनीतिक परिवर्तन, संविधान र जनताप्रति रोगी विचार भनेर आलोचना गरेका थिए (Mercado 1995)। सन् १९९५ मा रियेनिक्रे (Rioneqro) मा भएको पूर्व सदस्य, एएनसि प्रतिनिधिहरु सम्मीलित सम्मेलनको कयुराना(Quirana) घोषणा पत्र अनुसार हिजोको महत्वपूर्ण उपलब्धीहरुलाइ हाल कंग्रेसले अस्विकार गरेर राजनीतिक भष्ट्राचारलाइ प्रोत्साहन गरेका छ (EL Colombiano, 1995) ।

वर्तमान अवस्थामा कोलम्बीयामा १९९१ को संविधान भन्दा पनि १९९० अगाडिको अवस्थाले बढी प्रभाव परेको छ । सन् १९९१ र १९९२ मा शसस्त्र समुह गुरिल्ला कोर्आडिनेसन (CGSB) र कारकास (भेनेजुयला) र लाक्सकाला (मेक्सीको) र

सरकारबिचको वार्ता र सम्झौता असफल भएको थियो । जसको कारणले लागु औषधबाट प्राप्त हुने आम्दामी र सशस्त्र दस्ताको विस्तार बलियो पकडले पहिलेको द्वन्द्वको अवस्थामा रहेको अवस्था छ ।

जतिसुकै संवैधानिक परिवर्तन र पुर्नसुधारका आधारमा राजनीतिक व्यवस्थापन गरेपनि तिनवटा कंग्रेसको चुनाव (१९९१,१९९४,१९९८) मा लगभग ८०% भोट दुइवटा परम्परागत राजनीतिक पार्टीले ल्याएका थिए । कोलम्बीयाको राजनीतिमा एडिएम (ADM)तेस्रो शक्तिको रुपमा उदय भएको थियो । सन् १९९१ मा भएको एएनसि (ANC)को चुनावमा २६.७% र सिनेटको चुनावमा ९.३% ल्याएर नयाँ शक्ति सामु आएको थियो । तर सन् १९९४ को चुनावमा उसको जमानाजफत भएको थियो । उसले कुनैपनि सिट जित्न सकेन । अर्कोतिर परम्परागत शक्तिहरुले राजनीतिक खेलको नियम परिवर्तन गरि आफुलाइ फाइदा हुने गरि कानुनहरुको व्याख्या र परिवर्तन गर्न थालेका थिए । यसको प्रमाणका लागि राष्ट्रिपति चुनावमा सामपर (Samper's) ले लागुऔषधबाट प्राप्त रकम नै चुनावमा खर्चेर  जितेका थिए । यस उदाहरणले के देखाउछ भने कोलम्बीयामा राजनीतिक परिवर्तन भएपनि राजनीतिक संस्कारमा कुनैपनि परिवर्तन भएको छैन । राजनीतिज्ञ फरनान्डो सिपेडा (Fernando Cepeda) भन्छन कि ‘मलाइ लाग्छ कि यसो भन्दा अनुपयुक्त नहोला कि कोलम्बीयाको इतिहासमा कंग्रेस र संविधानसभाका सदस्य थिए...जो जनताका प्रतिनिधि हुन...नाम परिवर्तन गरे तर बानी व्यवहार झन पहिलेको भन्दा विजोग लाग्दो छ ।’

माथि जेसुकै कारणहरु भएपनि कोलम्बीयाको इतिहासमा दुइ दशक अघि सन् १९९१ मा संविधानसभाका सदस्यहरुले हस्ताक्षर गरि जारी गरेका थिए जसको उदेश्य भनेको सहभागीतामुलक लोकतन्त्र र नयाँ राजनीतिक संस्कारको विकास थियो । त्यो उदेश्य अनुसार त्यहाँका जनताले कहिल्यैपनि त्यसको सानो अंश वा सिमान्त प्रयोग गर्न पनि पाएनन् । परम्परावादी शक्ति र यसका कार्यकारी संयन्त्रले सहभागीतामुलक लोकतन्त्रको अर्थ र प्रयोगको अपव्याख्या र तोडमोड गरि हिंसा र व्यापारीकरणको रुपमा राजनीतिक संस्कारको अभ्यास गरेका थिए (Garcia, 1997, Uribe de Hincapie 1995) ।

# 6. निष्कर्ष

जब सन् १९९१ मा कोलम्बियन संविधानको प्रस्ताव गरिएको थियो, नयाँ राजनीतिक स्थायित्वको निमित्त महत्वकाङ्क्षी कार्यहरूको छलफल तथा बहस प्रारम्भ गरियो । यसको उद्देश्य राज्यको वैधानिकता पुनः स्थायित्व गर्नु थियो । राजनीतिक तथा हातियारसहित भएका द्वन्द्वका कारण धेरै वर्षहरू बिते जसकाकारण भ्रष्ट तथा दलगत स्वार्थको परिपूर्तिका निमित्त नीति निर्माण गर्नेहरू धेरै थिए । सङ्क्रमणकालीन सन्दर्भमा कोलम्बियाली जनताद्वारा निर्वाचित संविधानमा पहिलेदेखि समावेशी भइ आएको क्षेत्र तथा समाजलगायत गुरिल्ला समूह तथा पूर्णरूपमा राजनीतिक समावेशी र सम्भावित राजनीतिक समर्थन खोजियो । पहिलोपटक नयाँ नियम लागु गरियो । नियममा विजयी समूहले निर्वाचनमा हराइएको समूहमाथि दमन, अत्याचार लाद्न नपाइने उल्लेख थियो । जहाँ बहुपार्टी छलफल तथा सहमति प्रणालीमासमेत परिवर्तन गर्न सकिने व्यवस्था गरियो ।

समावेशी संविधान १९९१ मा समावेशी प्रजातन्त्रको निर्माण गर्ने आशा गरिएको भए पनि ANC लाई शक्तिशाली गुरिल्ला समूह र ठूलो राजनीतिक समूहको अनुपस्थितिमा अत्यन्त सताइयो । नयाँ नीतिले न त पुरानो संरचनालाई विघटन गर्न सक्यो न त द्वन्द्वको अन्त्य नै गर्न सक्यो । अन्ततः नयाँ राजनीतिक स्थायित्व भएता पनि असमावेशी सांस्कृतिक राजनीति कायम रहिरह्यो । समावेशी नीति निर्माण र समावेशी नतिजा नै अनौपचारिक राजनीतिक संस्कृतिलाई अत्याधिक समावेशी राजनीतिको निर्माण भएको छ । सन् १९९१ को कोलम्बियाली ANC को अनुभवले यो सूचित गर्दछ की समावेशी खाकाले सम्पूर्ण शक्ति सम्पन्न समूहहरूलाई पनि समावेश गराउन सक्लान् भन्ने निश्चित गर्न भने सकिन्न ।

कोलम्बिया २० वर्ष पछाडि पनि समावेशी मुद्दामै सीमित रह्यो । यहाँ अझ सवाल रह्यो के साँच्चै सम्पूर्ण माग पूरा गर्न नयाँ संविधान जारी गर्नुपर्ने हो ? अहिलेको अवस्था र १९९० को अवस्थालाई चिन्तन गरियो र हामी अत्यधिक आशावादी भने हुन सक्दैनौं किनकी अघिको सभाले पनि हामीलाई पर्याप्त समाधान भने दिन सकेन । हामीले कसरी नयाँ FARC पुनः निर्माण गरी फेरि पनि समाधान खोज्न सक्छौं ? धेरै कुराहरूको खोज गरिएता पनि सम्पूर्ण मुद्दाहरूको सहीरूपमा चिन्तन गरिएन । अझ पनि ठूलो समूह असमावेशी अवस्थामा रहेको पाइयो । १९९० को निस्क्रिय गुरिल्ला समूहहरू सकारात्मक रूपमा शान्तिसँग सम्बन्धित भएका थिए । कोलम्बियाको ठूलो समूहले ANC को कोटा व्यवस्था गरेको थियो । अन्त्यमा पुराना ठूला शक्ति सम्पन्न वर्ग वा दलको अनुपस्थितिमा समावेशीको सिद्धान्तलाई कार्यान्वयन गराउन ठूलो बाधा पुग्यो । जसको कारण त्यहाँ ध्रुवीकरणको सिर्जना भयो । अन्ततः जनताद्वारा निर्वाचित संविधानसभाले नै समाधान दिन्छ वा परिवर्तन दिन्छ भन्ने निचोडमा पुग्दछन् । बृहत् रूपमा आलोचना भएको नाम प्रतिस्थापनको अभियासले कङ्ग्रेसका सदस्यहरूलाई अर्को नाम राख्न योग्य बनायो र अधिकारहरूलाई हटाई १९९३ मा नयाँ संविधान बनाइयो । सन् १८८७ को संविधानलाई आधार बनाई सट्टामा भन्ने मुद्दा छलफलको मुख्य विषयवस्तु बन्यो । दलगत स्वार्थको उन्नति गर्ने दललाई सहयोग गरियो ।

अघिका मुद्दाहरू र सञ्चारको विश्लेषणअनुसार सरकार र कङ्ग्रेसबीचको राजनीतिक कठिनाइलाई अग्रगामी सुधार तथा अगाडि भएका सम्पूर्ण आलोचनाहरू कङ्ग्रेसले जिम्मा लिने भयो ताकी पुरानो संविधान सदस्यविहीन बनोस् । अन्ततः सम्पूर्ण घटनाक्रमलाई नियाल्दै सामाजिक भ्रष्टकाविरुद्ध लड्ने घोषणा गरियो ।

त्यही समय सन् १९९१ मा लागु गरिएको संविधानलाई १९९० को कोलम्बियाको अघिको संविधानले नराम्ररी असर गरिसकेको थियो । असफल नामाकरणको बाबजुद पैसा र वित्तीयताको कारण सरकार र गुरिल्ला समूहबीच द्वन्द्व भयो । नयाँ विधानको प्रतिक्रियामा, क्षेत्रीय शासक वर्गहरूले आफ्नो पौराणिक राजनीति जोगाउन सरकारी समूहसँग सहमति गर्ने बाटो खोजियो । जसले राजनीतिलाई नागरिक आन्दोलनतर्फ डोऱ्यायो ताकी जसका कारण पुराना सोच भएको वर्गको अधिनायकत्व कायम रहोस् । देशले अत्यधिक समावेशी राजनीतिक स्थायित्व खोजी रहेता पनि क्षेत्रीय शासकवर्गले धम्की दिनुका साथै विरोध गरे । जहाँ अघिका गुरिल्लालाई अघि सारियो जसलाई शक्ति वितरणको केही चासो थिएन । नयाँ संविधान समावेशीको सिद्धान्तमा आधारित रहेता पनि राजनीतिक सहभागिता कोलम्बियाका लागि उच्च खतरा बन्यो । पारदर्शिता तथा सुशासनको निश्चित गर्नुको साटो नयाँ प्रजातान्त्रिक धारणा युद्धभूमि तथा द्वन्द्वमा परिणत भयो ।

पुरातनवादी वर्गहरूले नयाँ नियम प्रतिपादन गरी उनीहरूले आफ्नो फाइदाको निमित्त प्रयोग गर्न थाले । ANC का नेताहरूलाई अयोग्य बनाइयो जो तिनीहरूका आन्दोलनका नेता थिए । चुनावी परिणामको मुताबिक उनीहरू आफ्नो नीति लागु गर्न असक्षम रहे । अगाडिका कानुनलाई ठाउँ दिनको निमित्त धेरै कुराहरूको आवश्यक पर्दछ जुन, पुरातनवादी राजनीतिक वर्गहरूसँग मात्र छ ।

आउँदा अवधिका लागि केही नियमहरू पारित भएका छन् । जस्तैः सहभागितामूलक बहुसंस्कृति र बहुसांस्कृतिक प्रजातन्त्र । तिनीहरूले आफ्नो सम्पूर्ण अधिकार माग प्राप्त गर्नको निमित्त नयाँ राजनीतिक पार्टी दर्ता गर्नुपर्नेछ । जसको लागि ५० हजार हस्ताक्षर आवश्यक पर्नेछ । यद्यपि अरु नियमहरू नयाँ राजनीतिक स्थायित्वको निमित्त यसअघिका प्रक्रियाहरूलाई उल्टाउनु पर्नेछ । सन् १९९४ को १३४ सहभागितामूलक संयन्त्रलाई मनन् गर्दै सम्पूर्ण कुराहरूको व्यवस्थापन गर्ने निर्णय गरे । विविध समस्या अप्ठ्याराका बावजुद विकास वा निर्माण हुनुको सट्टा सहभागितामूलक प्रजातन्त्रलाई कानुन सेलाएको अवस्थामा देखिन्छ । तिनीहरूले नयाँ सहभागितामूलक संयन्त्रलाई असर पार्न सकेनन् ।

# सन्दर्भ सामग्री


**Acuerdo entre el Gobierno, los partidos políticos y el M-19 (**9.3.1990), in: Álvaro VilaLrraga Sarmiento 2009. Biblioteca de la paz - 1986-1990: S inician acuerdos parciales: Pacto Político con el M-19. Tomo II, Bogotá: Gente Nueva Editorial, 306-308.

**Alarcón Núñez, Óscar** 2011. La cara oculta de la Constitución del 91. Bogotá: Planeta.

**Arias Trujillo, Ricardo** 2011. Historia de Colombia contemporánea (1920-2010). Bogotá: Universidad de los Andes.

**Arocha, Jaime** 2004. Ley 70 de 1993: Utopía para afro descendientes excluidos, in: Jaime Arocha (ed.). Utopía para los excluidos: El multiculturalismo en África y América Latina. Bogotá: Colección CES, Universidad Nacional, 159-178.

**Bejarano, Ana Maria** 2001. The Constitution of 1991: An institutional evaluation seven years later, in: Charles Bergquist et al. (ed.). Violence in Colombia 1999-2000. Wilmington: SR Books, 53-74.

**Bohórquez Montoya, Juan Pablo** 2001. Concepciones políticas en la Constituyente de 1991. Medellín: Cooimpresos.

**Boudon, Lawrence** 2001. Colombia's M-19 Democratic Alliance: A Case Study in New-Party Self-Destruction, in: Latin American Perspectives, 28, 1, 73-92.

**Buenahora Febres-Cordero, Jaime** 1991. El proceso constituyente: De la propuesta estudiantil a la quiebra del bipartidismo. Bogotá: Tercer Mundo Editores.

**Buenahora Febres-Cordero, Jaime** 1995. La democracia en Colombia: Un proyecto en construcción. Bogotá: Contraloría General de la República.

**Centro Nacional de Memoria Histórica** 2013. Basta Ya! Colombia: Memorias de guerra y dignidad. Bogotá: Informe general Grupo de Memoria Histórica.

**Cepeda Castro, Iván** 2006. Genocidio político: El caso de la Unión Patriótica en Colombia, in: REVISTA CEJIL Debates sobre Derechos Humanos y el Sistema Interamericano, 1, 2, 101-112.

**Cepeda Ulloa, Fernando** 1996. El congreso colombiano ante la crisis, in: Francisco Leal Buitrago (ed.). Tras las huellas de la crisis política. Bogotá: Tercer Mundo Editores, 75-97.

**CGSB** 1990. Carta de la primera cumbre de comandantes "Jacobo Arenas": A la junta nacional preconstituyente. La Uribe (1.10.1990), in: Álvaro VilaLrraga Sarmiento 2009. Biblioteca de la paz - 1990-1994: Acuerdos con el EPL, PRT, MAQL y CRS - Diálogos con la CGSB. Tomo III, Bogotá: Gente Nueva Editorial, 205-206.

**Dargent, Eduardo & Paula Muñoz** 2011. Democracy against parties: Party system deinstitutionalization in Colombia, in: Journal of Politics in Latin America, 3, 2, 43-71.


© Berghof Foundation Operations GmbH – CINEP/PPP 2015. All rights reserved.

**De la Calle, Humberto** 2004. Historia íntima de la Constituyente de 1991. Bogotá: Planeta.

**Dugas, John C.** 2001. The Origin, Impact and Demise of the 1989-1990 Colombian Student Movement: Insights from Social Movement Theory, in: Journal of Latin American Studies, 33, 4, 807-837.

**Duque Daza, Javier** 2006. Partidos divididos, dirigencia fragmentada: Los partidos Liberal y Conservador colombianos 1974-2006, in: Revista Convergencia, 13, 41, 173-209.

**Echeverri de Restrepo, Carmenza** 1995. La Constitución de 1991 ante la crisis de legitimidad institucional. Cali: Universidad Libre.

**El Colombiano** 1995. Antes que reformar la Carta, urge desarrolaLrla, 11.07.1995, 6.

**FARC** 1990. Pronunciamiento de las FARC sobre el plebiscito de Mayo de 1990: En torno a la Constituyente (14.6.1990), in: Álvaro VilaLrraga Sarmiento 2009. Biblioteca de la paz - 1986-1990: S inician acuerdos parciales: Pacto Político con el M-19. Tomo II. Bogotá: Gente Nueva Editorial, 330-331.

**FARC** 2013. Comunicado Conjunto # 27. 6.11.2013.

**FARC & ELN** 1990. Comunicado de las FARC and el ELN al movimiento estudiantil "Todavia podemos salvar a Colombia" Defendamos el mandato del 27. (18.6.1990), in: Álvaro VilaLrraga Sarmiento 2009. Biblioteca de la paz - 1986-1990: S inician acuerdos parciales: Pacto Político con el M-19. Tomo II. Bogotá: Gente Nueva Editorial, 331.

**García-Durán, Mauricio** 1992. De la Uribe a Tlaxcala: Procesos de paz. Bogotá: Cinep.

**García Pelayo, Manuel** 2011. Reformismo y banalización de la Constitución: La historia colombiana, in: Stefan Jost (ed.). 20 años de la Constitución Colombiana: Logros, retrocesos y agendas pendientes. Bogotá: Konrad Adenauer Stiftung, 433-446.

**García Villegas, Mauricio** 1997. Constitución Política de Colombia comentada por la Comisión Colombiana de Juristas. Título IV: De la participación democrática y los partidos políticos. Bogotá: Comisión Colombiana de Juristas.

**Gaviria, César** 1991. Palabras del señor Presidente César Gaviria Trujillo, en la instalación de la Asamblea Constituyente, in: Gaceta Constitucional No. 1, 13-37.

**Giraldo G., Fernando** 2011. Participación ciudadana en la toma de decisiones, in: Stefan Jost (ed.). 20 años de la Constitución Colombiana: Logros, retrocesos y agendas pendientes. Bogotá: Konrad Adenauer Stiftung, 226240.

**Gutiérrez Sanín, Francisco** 1996. Fuerzas no bipartidistas y desarrollo de las instancias participativas, in: Eduardo Pizarro Leongómez et al. (ed.). La oposición política en Colombia. Bogotá: FESCOL, 73-90.

**Gutiérrez Sanín, Francisco** 2007. Lo que el viento se llevó: Los partidos politicos y la democracia en Colombia. Bogotá: Norma.

**Lijphart, Arend** 1990. The political consequences of electoral laws, 1945-89, in: The American Political Science Review, 84, 2, 481-496.

**López Hernández, Claudia** 2010. Y refundaron la patria… De cómo mafiosos y políticos reconfiguraron el Estado colombiano. Bogotá: Corporación Nuevo Arco Iris.

**M-19** 1989. Comunicado: Ante el fracaso del referendo, aplazar las elecciones y convocar una asamblea nacional constituyente (14.12.1989), in: Álvaro VilaLrraga Sarmiento 2009. Biblioteca de la paz - 1986-1990: S inician acuerdos parciales: Pacto Político con el M-19. Tomo II. Bogotá: Gente Nueva Editorial, 301.

**Mercado, Bibiana** 1995. Bloque de constituyentes dice no a contrarreforma, in: El Tiempo, 24.11.1995, 7A.

**Moreno, Erika** 2005. Whither the Colombian two-party system? An assessment of political reforms and their limits, in: Electoral Studies, 24, 485-509.

**Ortiz Gutiérrez, Julio C.** 2008. La evolución político-constitucional de la República de Colombia 1976-2005, in: Estudios Constitucionales, 6, 2, 247-300.

**Palacios, Marco** 1995. Entre la legitimidad y la violencia: Colombia 1875-1994. Bogotá: Norma.

**Pécaut, Daniel** 2006. Crónica de cuatro décadas de política colombiana. Bogotá: Norma.

**Pizarro, Carlos** 1989. Mensaje del Comandante general del M-19 Carlos Pizarro a la mesa para la reconciliación nacional (3.4.1989), in: Álvaro VilaLrraga Sarmiento 2009. Biblioteca de la paz - 1986-1990: S inician acuerdos parciales: Pacto Político con el M-19. Tomo II. Bogotá: Gente Nueva Editorial, 249-255.

**Pizarro Leongómez, Eduardo** 2002. La atomización partidista en Colombia: El fenómeno de las micro-empresas electorales. Available at http://kellogg.nd.edu/publications/workingpapers/WPS/292.pdf [last accessed on 08.10.2014].

**Romero, Mauricio** 2003. Paramilitares y autodefensas: 1982 - 2003. Bogotá: IEPRI.

**Santos Pérez, Antonia & Juan Ibeas Miguel** 1995. Elecciones y Reforma Política en Colombia, in: Revista de Derecho Político, 40, 341-378.

**Uribe de Hincapié, María Teresa** 1995. Lo viejo y lo nuevo en la crisis política colombiana, in: Estudios Políticos, 78, 78-90.

**Uribe de Hincapié, Maria Teresa** 2002. Las promesas incumplidas de la democracia participativa, in: El debate a la Constitución. Bogotá: ILSA, 191-208.

**Uprimny, Rodrigo** 2002. Constitución de 1991, estado social y derechos humanos: Promesas incumplidas, diagnóstico y perspectivas. In: El debate a la Constitución. Bogotá: ILSA, 59-60.

**Uprimny, Rodrigo** 2011. La Constitución de 1991 como constitución transformadora. ¿Un neoconstitucionalismo fuerte y una democracia débil?, in: Stefan Jost (ed.). 20 años de la Constitución Colombiana: Logros, retrocesos y agenda pendiente. Bogotá: Konrad Adenauer Stiftung.

**Valencia, León** 2007. Los caminos de la alianza entre los paramilitares y los políticos, in: Mauricio Romero (ed.).

**Parapolítica**: La ruta de la expansión paramilitar y los acuerdos políticos. Bogota: Corporación Nuevo Arco Iris 9-58.

**Valencia Villa, Hernando** 2012. Cartas de batalla: Una crítica del constitucionalismo colombiano. Bogotá: Panamericana Editorial.

**Villamizar, Darío** 1995. Aquel 19 será: Una historia del M-19, de sus hombres y sus gestas. Un relato entre la guerra, la negociación y la paz. Bogotá: Planeta.

**VilaLrraga Sarmiento, Álvaro** 2009. Biblioteca de la paz - 1990-1994: Acuerdos con el EPL, PRT, MAQL y CRS - Diálogos con la CGSB. Tomo III. Bogotá: Gente Nueva Editorial.

# अन्तवार्ता

**Flórez, Enrique** (Former high rank PRT member and peace negotiator, ADM-19 candidate for Senate). Bogotá, Colombia, 2013.

**Mejia, Dario** (Former commander of the EPL and one of its delegates to the ANC. Policy advisor for security issues in several public institutions in Antioquia, Colombia). Bogotá, Colombia, 2013.

**Villa, Fabio** (Former student leader and member of the PCC-ML. ADM-19 ANC delegate, consultant at the National Prosperity Department). Bogotá, Colombia, 2013.